# तपाईँको मातृभाषालाई जीवन्त बनाउने

## आफ्नो बच्चाहरूसँग मिलेर आफ्नै भाषाका पुस्तक, कथा र बालकविताहरू पढ्दै रमाइलो गर्नुहोस्

तपाईँले बच्चालाई निम्न कुराहरूको विकासमा मद्दत गर्नुहुनेछ:

- प्रारम्भिक सञ्चार तथा भाषा सीप
- उनीहरूको सामाजिक तथा सांस्कृतिक पहिचानबारे स्पष्ट ज्ञान
- एउटा थप भाषा अर्थात् अङ्ग्रेजी सिक्ने क्षमता

## दोहोरो भाषामा कथा पढ्ने तरिकाहरू

- आफ्नो बच्चासँग मिलेर पुस्तक पढ्नुहोस्। चित्रहरू तथा कथामा के हुँदैछ त्यसबारे कुरा गर्नुहोस्
- आफ्नो बच्चाको आँखामा हेर्ने, मुस्काउने गर्नुहोस् र सहभागी बन्न प्रोत्साहन गर्नुहोस्
- हरेक दिन आफ्नो बच्चालाई प्यारो गर्दै सँगै बसेर कथा, पुस्तक र बालकविता पढ्ने समय निकाल्नुहोस्
- एकाग्रताका लागि TV, रेडियो वा मोबाइल फोन बन्द गर्नुहोस् र एक साथ बसेर राम्रो समय बिताउनुहोस्
- तपाईँको बच्चाले अङ्ग्रेजी शब्दहरूको प्रयोग गर्न सक्नेछ – तपाईँले आफ्नै भाषामा बोल्न वा उनीहरूले भनेको कुराहरूको जवाफ दिन सक्नुहुन्छ
- सँगै मिलेर नर्सरि राइम र गाना गाउनुहोस्; यसबाट तपाईँको बच्चाले बोल्न, सुन्न र नयाँ शब्दहरू सिक्न पाउनेछ
- एक साथ बसेर बालकविता गाउँदा तपाईँको बच्चालाई एउटा असल पाठक र कथा वाचक बन्न चाहिने आत्म विश्वास प्रदान गर्नेछ
- सँगै मिलेर आफ्नै मातृ भाषाको बालकविताहरू गाउनुहोस्
- आफ्नो मातृ भाषामा र दोहोरो भाषामा उपलब्ध कथा पुस्तकहरू खोज्न स्थानीय पुस्तकालय जाने गर्नुहोस्
- आफ्नो मातृ भाषामा कथा भन्न सचित्र पुस्तकहरूको प्रयोग गर्नुहोस्